बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेस प्रदेश, नेपाल
( २०७३ )

०४६-४१०००८
०४६-४१०००९

पत्र संख्याः- 2083/084
चलानी नं.:-

मिति: २०८३/०५/१६

अत्यन्त जरुरी सूचना

विषयः अतिथि सत्कार तथा कुक तालिममा सहभागी हुन निवेदन पेश गर्ने सम्बन्धमा।

भरत ताल पर्यटन क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्दै आउनुभएका सम्पूर्ण व्यवसायीहरूको व्यावसायिक क्षमता अभिवृद्धि, पर्यटक तथा सेवाग्राहीलाई प्रदान गरिने सेवाको गुणस्तर सुधार तथा उत्कृष्ट अतिथि सत्कार प्रवर्द्धन गर्ने उद्देश्यले अतिथि सत्कार (Hospitality) तालिम -५ दिने र होटल तथा रेष्टुरेण्ट संचालक तथा किचनमा काम गर्ने कर्मचारीहरुको लागि कुक तालिम -७ दिने सञ्चालन गर्न लागिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

देहायबमोजिमका व्यवसायी/व्यक्तिहरूले तोकिएको तालिममा सहभागी हुन निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

१. अतिथि सत्कार (Hospitality) तालिम

भरत ताल पर्यटन क्षेत्रभित्र होटल, रेष्टुरेन्ट, पसल, पर्यटन तथा अन्य व्यवसाय सञ्चालन गर्ने सम्पूर्ण व्यवसायीहरूका लागि अतिथि सत्कार तालिम सञ्चालन गरिनेछ। इच्छुक सम्पूर्ण व्यवसायीहरूले अनिवार्य रूपमा निवेदन पेश गर्नुहुन अनुरोध छ।

२. कुक (Cooking) तालिम

होटल तथा रेष्टुरेन्ट व्यवसाय सञ्चालन गर्ने व्यवसायी/कर्मचारीहरूका लागि मात्र कुक तालिम सञ्चालन गरिनेछ।

३. व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी विशेष व्यवस्था

भरत ताल पर्यटन क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूको व्यवसाय दर्ता तथा नवीकरणका लागि अतिथि सत्कार (Hospitality) तालिममा सहभागी भई तालिम लिएको प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्था भएकाले सम्बन्धित सम्पूर्ण व्यवसायीहरूले अनिवार्य रूपमा अतिथि सत्कार तालिममा सहभागी हुनुहुन जानकारी गराइन्छ।

४. निवेदन पेश गर्ने अवधिः मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/१८ गते सम्म

५. आवश्यक कागजातहरुः १. नागरिकता प्रमाण-पत्रको कपी,२. बागमती नगरपालिकामा दर्ता भएको व्यवसाय प्रमाण पत्रको कपि ३. पुराना व्यवसायिकको हकमा अघिल्लो पटक तालिम लिएको प्रमाण पत्रको कपी ४. पासपोर्ट साइजको फोटो २ प्रति ।

ई. सुशान्त अधिकारी
व्यवस्थापक

बोधार्थः सुचना प्रविधि शाखा वेवसाइटमा अपलोड गरिदिनु हुन।